# City of Burlington कोभिड-19 अद्यावधिक

## Burlington कोभिड-19 स्रोत तथा पुनर्स्थापना केन्द्र (RRC)

## अप्रिल 2021

नेपाली

**हाइलाइटहरू:**

- Vermont मा काला जाती, आदिवासी र विभिन्न वर्णका मानिसका लागि नयाँ खोप योग्यता
- कोभिड-19 आश्वास्त बिल र यसले के जनाउँछ
- नयाँ कोभिड-19 केस वृद्धि
- राज्यका घोषणाहरू
- कोभिड-19 सम्बन्धी जानकारी कहाँ फेला पार्ने
- खोपको लागि कसरी दर्ता गर्ने

# खोप योग्यता सबै काला जाती, आदिवासी वा विभिन्न वर्णका Vermont निवासीहरूको लागि खुला हुन्छ



मार्च 30 मा, राज्यले खोप योग्यता परिवर्तन गर्नेछ भनी घोषणा गरेको छ। तपाईं वा तपाईंको घरायसीको कोही काला जाती, आदिवासी वा विभिन्न वर्ण (BIPOC) को रूपमा पहिचान हुनुहुन्छ भने, 16 वा सोभन्दा बढी उमेरका सबै घरायसी सदस्यहरूले पनि खोप प्राप्त गर्न साइन अप गर्न सक्नुहुन्छ। मानिसले स्वास्थ्य विभागलाई फोन गरेर, सहभागी हुने फार्मेसीबाट साइन अप गरेर वा BIPOC घरायसीमा केन्द्रित क्लिनिकमा अपोइन्टमेन्ट बनाएर अनलाइनमा साइन अप गर्न सक्नुहुन्छ।

**दर्ता विकल्पहरू र भाषा सहायता:**

1. https://www.healthvermont.gov/covid-19/vaccine/getting-covid-19-vaccine मा Vermont स्वास्थ्य विभागद्वारा (अनलाइन दर्ता अङ्ग्रेजीमा छ) वा खोप हटलाइनमा 855-722-7878 मा कल गरेर दर्ता गर्नुहोस् (अन्य भाषाहरूमा सहायताको लागि 1 थिच्नुहोस्)। कल सेन्टरको समय सोमबार-शुक्रबार बिहानको 8:15 बजेदेखि दिउँसो 5:30 बजेसम्म र शनिबार र आइतबार, बिहानको 10:00 बजेदेखि दिउँसो 3:00 बजेसम्म हो। कृपया आफ्नो प्राथमिकताको भाषा सङ्केत गर्नुहोस् जसकारण उहाँहरूले तपाईंको अपोइन्टमेन्टको अवधिमा दोभाषे निर्धारण गर्नका साथसाथै अनुवादित फारामहरू उपलब्ध गराउन सक्नुहुन्छ।

2. तपाईंसँग योग्यता प्रश्नहरू छन् वा अर्को भाषामा दर्ता सहायता आवश्यक हुन्छ भने, तपाईं अफ्रिकन संघ वा शरणार्थी कार्यक्रममा आफ्नो मामिला व्यवस्थापकलाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंसँग मामिला व्यवस्थापक हुनुहुन्न भने, शरणार्थी कार्यक्रमलाई 802-655-1963 मा वा अफ्रिकन संघलाई 802-355-0795 मा कल गर्नुहोस् र तपाईंको भाषामा बोल्ने कोही व्यक्तिसँग तपाईंलाई जोडिनेछ। उहाँहरूले अन-साइट र अतिरिक्त भाषाको सहायतामा क्लिनिक आयोजना गर्दै हुनुहुन्छ।

3. Vermont Racial Justice Alliance, Vermont Professionals of Color Network, Vermont LEND Program र City of Burlington जस्ता संस्थाहरूको सहकार्यबाट Burlington मा अतिरिक्ति BIPOC मा केन्द्रित क्लिनिक उपलब्ध छ। तपाईं प्रतीक्षा सूचीमा थपिनका लागि 802-755-7239 मा कल गर्न सक्नुहुन्छ, तपाईंले प्राथमिकताको भाषा सङ्केत गर्नुहुन्छ भने, फोन दोभाषे सेवाहरू उपलब्ध गराइन्छ। तपाईंले भ्वाइसमेल छोड्नुभयो भने, कृपया आफ्नो नाम र प्राथमिकताको भाषा छोड्नुहोस् र तपाईंलाई कोहीले सम्पर्क गर्नेछ। अनलाइन दर्ता फाराम अङ्ग्रेजीमा पनि उपलब्ध छ। https://bitly.com/BIPOC-Clinics मा जानुहोस्। कृपया आफ्नो प्राथमिकताको भाषा सङ्केत गर्नुहोस् जसकारण उहाँहरूले तपाईंको अपोइन्टमेन्टको लागि उपलब्ध हुन दोभाषे निर्धारण गर्न र अनुवादित फारामहरू उपलब्ध गराउन सक्नुहुन्छ ।

# कोभिड-19 वित्तिय आश्वास्त बिल



अमेरिकी उद्धार योजना भनिने नयाँ वित्तीय आश्वास्त बिल मार्चको सुरुवातमा संयुक्त राज्य काँग्रेसद्वारा पारित गरिएको थियो जसले आउने वर्षभरित संयुक्त राज्यभरिका मानिसलाई वित्तीय आश्वास्तमा $1.9 ट्रिलियन उपलब्ध गराउनेछ। बिलले पोषण र कल्याण कार्यक्रमहरू (जस्तै राज्य खाद्य सहायता वा बाल स्याहार कार्यक्रमहरू) को लागि वित्त व्यवस्थालाई बुस्ट गर्छ, बेरोजगारी भुक्तानीहरू विस्तार गर्छ, कर लाभहरू उपलब्ध गराउँछ, साना व्यवसायहरूको लागि वित्तीय सहायता सिर्जना गर्छ र बच्चा भएका परिवारहरू र बच्चा नभएका कामदारहरूलेई आपतकालीन वित्तीय बुस्ट प्रदान गर्छ। यो बिलले तल्लो- र मध्य-आम्दानी भएका परिवारहरूको लागि स्वास्थ्य बीमा खर्चहरूलाई पनि कम गर्छ र भविष्यको भाडा र उपभोक्ता बिल सहायता कार्यक्रमहरूमा वित्त व्यवस्था गर्छ। केही लाभहरू थप तत्कालीन हुन्छन् भने, केहीलाई सेट अप हुन केही समय लाग्न सक्छ, वित्तिय आश्वास्त लाभहरू खोल्न जारी राख्ने अपेक्षा गर्नुहोस्।

# नयाँ केस वृद्धि

**देश अनुसार नयाँ केसहरू**




सहरले **समुदायमा कोभिड-19** को उपस्थितिलाई निरीक्षण गर्न जारी राख्छ। **हालैका रिपोर्टहरूले मार्चको अन्तिमसम्म हामो क्षेत्रमा बढ्दो केसहरू देखाएको छ।** माथिको तस्विरले Chittenden काउण्टीमा कोभिड-19 को बढ्दै गरेका केसहरू देखाउँछ। हामीले अहिले केसहरूमा वृद्धि युवा पुस्ताहरूमा थप सामान्य बन्दै गएको देखेका छौं, **पोजेटिभ देखिने व्यक्तिको औसत उमेर अहिले 30 भन्दा तल छ।** धैरैजसो वृद्ध समुदायका सदस्हरूले खोपहरूको फाइदा लिइरहेको हुनाले उहाँहरूसँग सम्बन्धित कोभिड-19 केसहरू न्यून भइरहेका छन्। यो जानकारी त्रास निम्त्याउनको लागि नभएर सामुदायलाई थप सावधानी अपनाउनको लागि चेतावनी हो।

<u>**तपाईं के गर्न सक्नुहुन्छ:**</u> सहरमा कोभिड-19 मामिलाहरूको दिइएको हालको स्तर अनुसार, कृपया मास्क लगाउन जारी राख्नुहोस्, आफ्नो घरायसीभन्दा बाहिरका मानिससँग जम्मा हुने राज्यको मार्गदर्शन पालना गर्नुहोस् र प्रत्येक दिन बिहानको 10:00 बजेदेखि साँझको 6:00 बजेसम्म Burlington मा 405 Pine Street मा उपल्बध हुने नि:शुल्क परीक्षण (जुन पहिले तपाईंको नाकभित्रसम्म गएको परीक्षण नभएर तपाईंको नाकको सरल, स्वयम्-प्रबन्ध गरिएको स्वाब हो) गर्ने विचार गर्नुहोस्। खोप प्राप्त गर्ने कुराले पनि सामुदाय भित्र भाइरसको संक्रमणलाइ उत्कृष्ट रूपमा घटाउन सक्छ।

# राज्यका घोषणाहरू

विगतको महिनामा, राज्यले विभिन्न प्रकारका महत्त्वपूर्ण घोषणाहरू गरेको छ:

**जमघटहरू**
खोप नलगाएका व्यक्ति वा घरपरिवार सदस्यहरूका लागि, घरभित्र र घर बाहिरका सामाजिक जमघटहरू कुनै पनि पूर्ण रूपमा खोप लगाएको घरपरिवारको सदस्यसँग एकपटकमा दुईवटा खोप नलगाएका घरपरिवार सदस्य वा व्यक्तिहरूमा सीमित गरिएको छ। पूर्ण रूपमा खोप लगाइएको भन्नाले घरायसीका प्रत्येक व्यक्तिले कोभिड-19 खोपका सबै आवश्यक मात्राहरू पूरा गरेका छन् भन्ने हो।

**उमेर ब्याण्ड योग्यता**
राज्यले अप्रिलको अन्तिमसम्म 16 र सोभन्दा बढी उमेरका योग्य सबै Vermonter निवासीहरूसँग भविष्यको उमेर ब्याण्ड योग्यताको घोषणा गरेको छ।

उमेर 40+ - अहिले दर्ताको लागि खुला छ
उमेर 30+ - अप्रिल 12 मा खुल्छ
उमेर 16+ - अप्रिल 19 मा खुल्छ




अङ्ग्रेजीमा राज्यको मार्गदर्शन हेर्न, निम्नमा जानुहोस्:
https://accd.vermont.gov/news/update-new-work-safe-additions-be-smart-stay-safe-order

# कोभिड-19 सम्बन्धी जानकारी कहाँ फेला पार्ने

Vermont स्वास्थ्य विभागसँग अहिले कोभिड-19 स्वास्थ्य जानकारी भएका व्यक्तिगत भाषाका पृष्ठहरू छन्:

अरेबिक: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Arabic
फ्रेन्च: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#French
किरून्डी: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Kirundi
नेपाली: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Nepali
सोमाली: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Somali
स्वाहिली: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Swahili
भियतनामी: https://www.healthvermont.gov/covid-19/resources/multilingual-resources#Vietnamese

Vermont Multilingual Task Force ले अतिरिक्तमा महत्वपूर्ण अद्यावधिकहरू भएका भिडियोहरू खुलासा गर्न जारी राख्छ। भाषा अनुसार भिडियो प्लेसूचीहरू उपलब्ध छन्:

तिनीहरूको वेब पृष्ठमा जानुहोस्: https://www.youtube.com/channel/UC3zjPpeFnXqvESr1y3d4DvQ/playlists

# प्रश्नहरू छन्? सहायता आवश्यक छ?

Burlington को **कोभिड-19 स्रोत तथा पुनर्स्थापना केन्द्र** (RRC) यहाँ मद्दतको लागि छ, हामीलाई 802-755-7239 वा recovery@burlingtonvt.gov मा सम्पर्क गर्नुहोस् र आफ्नो नाम, प्राथमिकताको भाषा र सम्पर्क जानकारीसँग सन्देश छोड्नुहोस् र हामीले तपाईंलाई सम्भव भएसम्म छिटो सहायता गर्नेछौं। हाम्रो कल सेन्टरमा फोन अनुवादन सेवाहरू उपलब्ध छन् हाम्रो सञ्चालन समय सोमबारदेखि शुक्रबार, बिहान 8 बजेदेखि दिउँसोको 4:30 बजेसम्म हो।

# अनुवादनहरू फेला पार्नुहोस्

Vermont स्वास्थ्य विभाग
https://www.healthvermont.gov/media/translation/covid-19-translations
City of Burlington
https://www.burlingtonvt.gov/covid-19/translated
Vermont Multilingual Task Force:
https://www.youtube.com/channel/UC3zjPpeFnXqvESr1y3d4DvQ

*मार्गनिर्देशनहरू राष्ट्रिय र राज्य स्तरमा परिवर्तन गरिएको हुनाले यो कागजातमा रहेको जानकारी परिवर्तनसँग सम्बन्धित छ*